जि.प्र.का.झापा द.नं.६१। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २५० ❑ २०८३ असोज १३ गते मंगलबार ❑ Tuesday, 29 Sept. 2026 ❑ मूल्य ७ /-

हिमालको अस्तित्व र चुनौतीहरू (२)

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

दुई विपद्मा १४ सय २७ को मृत्यु

४ हजार ९३ जना सम्पर्कविहीन

पूर्वसन्देश समाचार

दमक/ बंगालको खाडीमा उत्पन्न न्यून चापीय प्रणालीका कारण असोज ८ गतेदेखी ११ गतेसम्म देशका विभिन्न भागमा भारीदेखि अति भारी वर्षा भयो । वर्षासँगै आएको बाढी र पहिरोका कारण १ हजार ६५ परिवार प्रभावित भए । प्राधिकरणका अनुसार पछिल्लो विपद्मा देशभर ५१३ वटा घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता (उपसचिव) महतका अनुसार पछिल्लो घटनामा ४ जना बेपत्ता र ७ जना घाइते भएका छन् ।

मौसम पूर्वानुमान सार्वजनिक भएपछि जोखिम देखिएका जिल्लामा सवारी आवागमन रोक लगाइएको थियो । ७७ वटै जिल्ला सुरक्षा समितिले पुर्व तयारी र प्रतिकार्यको काम गरेका थिए । बाढी र पहिरोको जोखिममा परेका प्रभावित जिल्लाका २ हजार मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको उपसचिव महतले जानकारी दिइन् ।

चार दिन भएको लगातार वर्षा आइतबार साँझबाट रोकिएको छ । योसँगै पछिल्लो १ महिनामा मुलुकमा दुई वटा ठुला प्राकृतिक विपद्का घटना भए । भदौ १० मा भोटेकोशीमा आएको बाढीका कारण सम्पर्कविहीनहरूको खोजी तथा उद्धार पूरा नहुँदै अविरल वर्षा भएको हो ।

एक महिनामा आएका दुई वटा विपद्मा परेर अहिलेसम्म १४ सय २७ जनाको मृत्यु भइसकेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर ४ हजार ९३ जना हराइरहेका छन् ।

जसअनुसार भोटेकोशीको बाढीका कारण ४ हजार ८९ जना र पछिल्लो मनसुनका कारण ४ जना सम्पर्कविहीन भएका हुन् ।

भोटेकोशीको बाढीमा परेका १३ सय ९९ जना मृत भेटिएका छन् । अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परेर २७ जनाको मृत्यु पुष्टि भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता (उपसचिव) शान्ति महतले जानकारी दिइन् ।

भोटेकोशीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ वटा स्थानीय निकाय प्रभावित भएका छन् । भदौ १० मा ल्हेन्दे खोलाको बहाव अचानक बढेसँगै रसुवाको भोटेकोशी र त्रिशुलीमा अप्रत्याशित बाँकी ४ पेजमा ▸▸

राजस्व संकलनमा लक्ष चुम्दै मेची भन्सार

दमक/ राजस्व संकलनमा मेची भन्सार कार्यालयले साउन र भदौ महिनाका लागि कुल रू तीन अर्ब सात करोड ५० लाख राजस्व संकलनको लक्ष्य निर्धारण गरेको थियो । निर्धारित लक्ष्यको ९२ दशमलव १४ प्रतिशत राजस्व संकलन भएको जनाइएको छ ।

मेची भन्सार कार्यालय काँकडभिट्टाले चालु आर्थिक वर्षको पहिलो दुई महिनामा रू दुई अर्ब ८३ करोड ३३ लाख ७५ हजार राजस्व संकलन गरेको हो ।

सीमापार व्यापारमा आएको क्रमिक सुधार तथा भन्सार प्रशासनमा गरिएको कडाइका कारण राजस्व संकलनमा सकारात्मक प्रभाव परेको प्रमुख भन्सार अधिकृत न्यौपानेले जानकारी दिए । कार्यालयका अनुसार साउनमा रू एक अर्ब ४३ करोड ५० लाख लक्ष्य राखिएकामा एक अर्ब २७ करोड ९८ लाख ३७ हजार राजस्व संकलन भएको थियो । भदौमा रू एक अर्ब ६४ करोड लक्ष्य रहेकामा रू एक अर्ब ५५ करोड ३५ लाख ३८ हजार संकलन भएको छ ।

भदौमा साउनको तुलनामा राजस्व संकलनमा सुधार आएको कार्यालयले जनाएको छ । साउनमा लक्ष्यको ८९.१९ प्रतिशत राजस्व संकलन भएकामा भदौमा ९४।७३ प्रतिशत पुगेको हो । मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपानेका अनुसार आर्थिक वर्ष २०८२/८३ को भदौको तुलनामा चालु आवको सोही अवधिमा राजस्व संकलन ९.४३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको भदौमा रू एक अर्ब ३६ करोड ४४ लाख ३९ हजार राजस्व संकलन भएको थियो ।

हड्डीका ६३ प्रतिशत नमुनाको डिएनए प्रोफाइलिङ पूरा

दमक । भोटेकोशी नदीले बगाएर ल्याएका मानव अङ्गका हड्डीको डिएनए प्रोफाइलिङ गर्ने काम तीव्र गतिमा भइरहेको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) मा हालसम्म संकलित एक हजार ४२६ नमुनामध्ये ६३ प्रतिशतको डिएनए प्रोफाइलिङ पूरा भएको छ ।

नास्टका प्रवक्ता डा. रामचन्द्र पौडेलका अनुसार चिनियाँ र नेपाली वैज्ञानिकको संयुक्त टोलीले हड्डीका नमुनाको डिएनए परीक्षण गरिरहेको हो। परीक्षणका लागि १५ जना चिनियाँ विज्ञ र १० जना नेपाली वैज्ञानिक निरन्तर खटिएका छन् ।

चीनले सहयोगस्वरूप उपलब्ध गराएको र्‍यापिड डिएनए सिक्वेन्सिङ मेसिनबाट दुई घण्टामा दुईवटा नमुनाको डिएनए प्रोफाइलिङ गर्न सकिने प्रवक्ता पौडेलले बताए । यसअघि नास्टसँग २५ क्यापिलरीको सिक्वेन्सर मात्र रहेको थियो ।

नेपाल प्रहरीको प्रयोगशाला र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको क्षमताले नभ्याएपछि हड्डीको डिएनए परीक्षणको जिम्मेवारी नास्टलाई दिइएको हो । हड्डीमा डिएनएको मात्रा कम हुने भएकाले परीक्षणमा समय लाग्ने पौडेलले बताए ।

उनका अनुसार डिएनए प्रोफाइलिङका क्रममा दाँत वा हड्डीबाट डिएनए निकालेर पिसीआर गरिन्छ । त्यसपछि सिक्वेन्सरमा राखेर डिएनएको गुण परीक्षण गरिन्छ ।

विपद्का समयमा डिएनए परीक्षणको महत्व अझ बढी हुने भएकाले यस्तो अनुसन्धानलाई राज्यले समेत प्रवर्धन गर्नुपर्ने पौडेलको भनाइ छ ।

यार्सागुम्बा टिप्न गएका १० जना हराए

दमक/ जडीबुटी (यार्सागुम्बा) संकलन गर्न गएका सिमकोट गाउँपालिका-२ ठेहेगाउँका १० जना सम्पर्कविहीन भएका छन् । उनीहरु एक हप्तादेखि सम्पर्कविहीन भएको आफन्तले बताएका छन् । सम्पर्कविहीन हुनेहरुमा स्थानीय बलिवान बोहरा, जुन बोहरा, गोरासिँह भण्डारी, धनपुरी भण्डारी, धनमानसिँह बोहरा, पिउली बोहरा, पुन्न बोहरा, नर भण्डारी, खिम भण्डारी, लक्ष्मी बोहरा रहेको स्थानीयले बताएका छन् ।

उनीहरु हुम्लाकै खार्पुनाथ गाउँपालिका-५ र चंखेली गाउँपालिका-५ को सीमामा गर्ने वनमा जडीबुटी संकलनका गएका थिए । तर, उनीहरु एक हप्तादेखि सम्पर्कमा नआएको प्रहरीले जनाएको छ ।

हिमपहिरोमा चारको मृत्यु

दमक/ मनाङको नार्पाभूमि गाउँपालिका- ५ स्थित हिम्लुङ हिमालमा आइतबार गएको हिमपहिरोमा परी मृत्यु हुनेको संख्या चार पुगेको छ । हिमपहिरोमा परी आइतबार दुईजनाको शव फेला परेकोमा सोमबार थप दुईजनाको शव फेला परेको हो । हिमाल आरोहणमा गएका नौ पर्वतारोही र १३ जना सहयोगीसहित २२ जनामध्ये हिमपहिरोका कारण १० जना सम्पर्कमा आएका थिए भने अन्य १० जना आइतबारदेखि सम्पर्कविहीन थिए ।

जुवाखालबाट १३ पक्राउ

धनकुटा/ संखुवासभा र धनकुटाका विभिन्न स्थानबाट जुवातास खेलिरहेको अवस्थामा १३ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई दुई लाखभन्दा बाँकी ४ पेजमा ▸▸

दुर्गा प्रसाई फेरि पक्राउ

दमक/ मेडिकल व्यवसायी एवं अभियन्ता दुर्गा प्रसाईँ फेरि पक्राउ परेका छन् । साइबर ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनलाई सोमबार पक्राउ गरेको हो ।

उनले केही समयअघि जेन-जी सहिदकी आमासमेत रहेकी रास्वपा सांसद रचना खतिवडालाई लक्षित गरेर 'छोराको लासमा टेकेर सांसद बनेको' अभिव्यक्ति दिएका थिए ।

उक्त विषय रचनाले संसदमा पनि उठाएकी थिइन् । प्रसाईँलाई पक्राउपछि स्वास्थ्य परीक्षणका लागि अस्पताल लगिएको थियो । त्यसपछि उनलाई जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको छ ।

दुर्घटनामा एक युवकको मृत्यु

दमक/ झापाको बाह्रदशी गाउँपालकिामा बसले ठक्कर दिँदा मोटरसाइकल चालकको ज्यान गएको छ भने अर्को युवा गम्भीर घाइते भएका छन् । सोमवार बिहान बाह्रदशी गाउँपालिका भागडुब्बाथित हिमाली राजमार्गमा भागडुब्बाबाट राजगढतर्फ जाँदै गरेको बसले विपरीत दिशाबाट आउँदै गरेको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट मोटरसाइकल चालक बाह्रदशी गाउँपालकि-४ का १८ वर्षीय करण राजवंशी र मोटरसाइकलमा पछाडि सवार सोही स्थानका १९ वर्षीय अजय राजवंशी गम्भीर घाइते भएका थिए ।

ज्येष्ठ नागरिक संघ दमक नगर समितिको साधारण सभामा उपस्थिति हुने बारेको सूचना

यस ज्येष्ठ नागरिक संघ दमक नगर समितिको चौथो वार्षिक साधारण सभा तथा **३६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको कार्यक्रम** निम्न मिति, समय र स्थानमा हुने निश्चय भएको हुँदा सम्पूर्ण **आजीवन सदस्यहरू**लाई अनिवार्य उपस्थितिका लागि जानकारी सहित अनुरोध गरिन्छ ।

- **मिति : २०८३ असोज १५ गते विहीबार**
- **समय : दिनको ११ बजे**
- **स्थान : ज्येष्ठ नागरिक संघको आफ्नै कार्यालय हल (दमक-८)**

अनुरोधकर्ता : ज्येष्ठ नागरिक संघ दमक नगर समिति दमक-८, झापा ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमक झापाको

खाद्यान्न (चामल) खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हान

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१२

प्रस्तुत विषयमा यस दमक नगरपालिकाको स्वीकृत **"जहां बिपन्न तांह खाद्यान्न कार्यक्रम"** संचालनका लागि खाद्यान्न (चामल) खरिद गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स वा आपूर्तिकर्ताहरूले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम देहायका शर्त बन्देजमा रही यो ७ (सात) दिने सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

देहाय

क्रस	सामग्रीको नाम	स्पेशिफिकेशन	परिमाण	धरौटी रकम	दरभाउपत्र खरिद गर्ने अन्तिम मिति	दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान
१.	चामल	मुन्सुली (रन्जित) २५ किलोको प्याकमा नगरपालिकाको विषयवस्तु (content) वोरामा प्रिन्ट गरेर।	२०,००० किलो (८००वोरा)	४२,१००।००	२०८३।०६।१९ गते सम्म कार्यालय समय भित्र।	२०८३।०६।२० गते दिनको १२ वजे भित्र दमक नगर कार्यपालिकाको कार्यालय।

१) ईच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरूले मिति २०८३।०६।१९ कार्यालय समय भित्र दरभाउपत्र फाराम रू.१,०००।०० (एक हजार) पछि फिर्ता नहुने गरी बुझाई दमक नगर कार्यपालिकाको कार्यालयको खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखाबाट प्राप्त गर्न सकिने छ।

२. नियमानुसार खरिद गरिएका दरभाउपत्रहरू मिति २०८३।०६।२० गते दिनको १२.०० वजे भित्र दर्ता गरिसक्नु पर्नेछ। ढिलो गरी प्राप्त दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।

३. सिलबन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको रा.वा.बैंक दमक स्थित धरौटी हि.नं. २१४०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै बैंकभौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

४. रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू मिति २०८३।०६।२०गते दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा दमक नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन कार्यालय बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

६. यसमा उल्लेख भएका कुराहरू यसै बमोजिम र यसमा उल्लेख नभएका बिषयहरू प्रचलित ऐन कानून अनुसार हुनेछ।

७. दरभाउपत्र फाराममा उल्लेखित शर्तहरू सिलबन्दी दरभाउपत्रका अभिन्न अंग मानिनेछ।

....
कमल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

पर्यटकीय गन्तव्य आवश्यक

दमक पूर्वको उदीयमान सहर हो। राजनीतिक रूपमा पनि यसको प्रभाव उल्लेखनीय छ। दमकले विभिन्न व्यक्तित्वको राजनीतिक सिकाइ, संघर्ष र सफलताको साक्षी बन्ने अवसर पाएको छ। यसले दमकको छुट्टै राजनीतिक पहिचान बनाएको छ। तर विडम्बना के छ भने यति धेरै सम्भावना बोकेको सहरमा बाहिरबाट आउने मानिसलाई दुई-चार दिन रोक्ने पर्याप्त पर्यटकीय गन्तव्य छैन। सहरको विकास सडक र बजार विस्तारले मात्र पूर्ण हुँदैन; पर्यटकलाई घुम्ने र बस्ने कारण पनि चाहिन्छ। दमक यही अभावमा छ।

दमक नगरपालिकाले बहुउद्देश्यीय पार्क निर्माणको प्रक्रिया अघि बढाएको छ। दमक-२ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा करिब ५० बिघा जग्गा समेटेर पार्क निर्माण गर्ने अवधारणा अघि सारिएको छ। नगरपालिकाले डीपीआर तयार गर्न परामर्श सेवा आह्वान गरिसकेको छ। प्रस्तावित पार्कलाई सामान्य मनोरञ्जनस्थलमा सीमित नराखी प्रकृति, संस्कृति, शिक्षा र साहसिक गतिविधिको गन्तव्य बनाउने सोच सकारात्मक छ। वन उद्यान, जल संरक्षण, जैविक विविधता, संस्कृति, संग्रहालय र साहसिक गतिविधिसहितका संरचना प्रस्ताव गरिएका छन्। तर संरचना थपिँदैमा पार्क सफल हुँदैन; सफलता पर्यटक आकर्षण र स्थानीय अर्थतन्त्रमा योगदानले निर्धारण गर्छ।

त्यसैले बहुउद्देश्यीय पार्कलाई छुट्टै परियोजनाका रूपमा होइन, 'दमक पर्यटन सर्किट'को केन्द्रका रूपमा विकास गर्न आवश्यक छ। हम्सेदुम्से वन क्षेत्र, धार्मिक तथा सांस्कृतिक स्थल र हरित क्षेत्रलाई जोडेर पर्यटन प्याकेज बनाउन सकिन्छ। दमकलाई इलाम, कन्याम, चुलाचुली, सतासीधाम लगायत नजिकका गन्तव्यसँग जोडेर क्षेत्रीय पर्यटन मार्ग पनि विकास गर्न सकिन्छ।

पर्यटक ल्याउनु मात्र पर्यटन होइन। पर्यटकलाई रोक्नु, स्थानीय खाना र उत्पादनसँग जोड्नु पर्यटन अर्थतन्त्रको आधार हो। त्यसैले दमकको खाना, हस्तकला, कृषि उत्पादन र जातीय संस्कृतिलाई पर्यटनसँग जोड्नुपर्छ। पर्यटक सूचना केन्द्र, डिजिटल नक्सा, पैदलमार्ग, शौचालय र व्यवस्थित पार्किङ आवश्यक छन्। तर विकासको यो अभियानमा वातावरणीय पक्ष कमजोर हुनु हुँदैन। वन क्षेत्र प्रयोग हुने भएकाले सम्भाव्यता तथा वातावरणीय अध्ययनलाई औपचारिकता मात्र नबनाई परियोजनाको आधार बनाउनुपर्छ। प्राकृतिक भू-दृश्य र जैविक विविधता जोगाउँदै न्यूनतम वातावरणीय हस्तक्षेप हुने डिजाइन आवश्यक छ। दमकले आफूलाई 'औद्योगिक, पर्यटकीय र हरित नगर'का रूपमा अघि सारेको छ। अब यो परिचय नारामा सीमित रहने कि व्यवहारमा देखिने भन्ने परीक्षा सुरु भएको छ। बहुउद्देश्यीय पार्क त्यस परीक्षाको महत्वपूर्ण र दीर्घकालीन अवसर हो।

दमकले अब 'पार्क बनाउने' सोचभन्दा 'पर्यटन गन्तव्य बनाउने' सोच राख्नुपर्छ। पार्क प्रवेशद्वार बन्न सक्छ, तर गन्तव्य आफैँ बन्न सक्दैन। पर्यटन सर्किट, स्थानीय व्यवसाय, संस्कृति, हरित पूर्वाधार र पर्यटकको बसाइ लम्ब्याउने कार्यक्रमलाई योजनामा जोड्न सके मात्र यो परियोजना दमकका लागि दीर्घकालीन रूपमा सार्थक र उपयोगी हुनेछ। अन्ततः सफलता पार्क कति ठूलो बन्यो भन्नेले होइन, कति पर्यटक आए, कति समय बसे, कति रोजगारी सिर्जना भयो र स्थानीय आम्दानीमा कति वृद्धि भयो भन्नेले मापन हुनुपर्छ। राजनीतिक रूपमा देशको ध्यान तान्दै आएको दमकले अब पर्यटनको नक्सामा पनि आफ्नो प्रभाव देखाउने समय आएको छ।

हिमालको अस्तित्व र चुनौतीहरू

हिमाल छ र त हाम्रो अस्तित्व छ, पहाड छ र त हाम्रो जीवनशैली बाँचिरहेको छ । मधेस छ र त हाम्रो संस्कृति संस्कार र अर्थतन्त्र जीवित छ । नेपाललाई मरुभूमीकरण हुनबाट जोगाउनु पर्दछ । नेपाललाई वनविनाश हुनबाट जोगाउनु पर्दछ ।

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

विश्वमा जतिजति वातावरणीय असुरक्षा बढ्दैछ, त्यतिनै लोकतन्त्रको बदलिदो आयामसँगै रूपान्तरण हुँदैछ। लोकतन्त्रसँग जनताको आशा र अपेक्षा पनि बढ्दै छ। संसारको दशा दिशा र नेतृत्वलाई नयाँ चुनौतीहरू पनि थपिँदै गइरहेको छ। नेपालमा राजनीतिक दलहरूको अदुरदर्शी र अराजनीतिक शासकीय यात्राले जनतालाई गम्भीर भएर सोच्न बाध्य बनाइरहेको अवस्थामा प्रकृतिले झन् क्रुर भन्दा क्रुरतम संकट निम्त्याएर नेपालकै इतिहासमा सबैभन्दा डरलाग्दो र महाविनाशकारी प्राकृतिक संकटहरू जलप्रलयको रूपमा निम्त्याएर महाकंगालीको अवस्थामा पुर्याइसकेको देखिन्छ। सरकारमा नयाँ नेतृत्वको सत्ता सुखको मोहमायामा जतिजति फस्दैछ, त्यति नै देशका अगाडि नयाँ नयाँ संकटहरू बाजा बजाएर आउन लागेको जस्तो देखिन्छ।

२०७२ सालमा नेपालमा आएको महाभूकम्पले दुनियालाई दुःखी बनायो र नेपालीहरूलाई महाविपत्तिको अवस्थामा बाँच्न विवस गरायो। कोशी नदीको तटबन्ध भत्किएर महाप्रलय र महाविनाशको स्थिति सिर्जना गरी जनतालाई मर्नु न बाच्नुको अवस्थामा पुऱ्यायो भने यसपालि त नेपालीहरूको पुरपुरोमै लेखिएको महादुखान्त कथा भोटेकोशी नदीमा आएको बाढी र हिमताल विस्फोटको अवस्थाले सिर्जना गरेको संकटले मानव मनलाई धुरुधुरु रुवाउने र आत्मा नै दुःखी पार्ने काम भयो। महाप्रलयको अवस्थाले नेपालको भविष्य र नेपालको अस्तित्वलाई झन् कठिन अवस्थामा पुऱ्याइदिएको अवस्था बारे सोच्न विवस गराइरहेको देखिन्छ।

हिजो अस्ति मात्र नेपालीहरूले भोगिरहेको दुखलाई नेपालका युवा प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्र संघको सम्मेलनमा बयान गर्दा विश्वलाई नै चिन्तित तुल्याइरहेको अवस्था छ भने एउटा लोकतान्त्रिक अर्थव्यवस्थातिर उन्मुख रहेको दुई ढुंगाको बीच तरुल जस्तो अवस्थामा रहेको नेपालले कसरी लोकतन्त्रलाई उचाइमा पुर्याउन सक्छ र लोकतन्त्रसँगै नेपालको अर्थतन्त्रलाई विश्वको विकासको गतिसँगै चलायमान बनाउन सकिन्छ भन्ने कुराबारे स्वयं नेपालभित्रकै नागरिक समुदायमा चासो र चिन्ता बढ्दै गइरहेको छ।

अहिले विश्वका धनी राष्ट्रहरूले नै आफूलाई लोकतन्त्रको संरक्षण गर्ने मुलुकको रूपमा भ्रमित पार्न खोजिरहेको छ भने अर्कोतिर विश्वका अधिकांश गरिब र विकासशील मुलुकहरुले ठूला भनिने शक्तिशाली मुलुकहरूको अगाडि खरो रूले प्रस्तुत हुन सकिरहेको छैन।

गरिब देशहरू दोहोरी मारमा परेका छन्। जलवायु संकटले सिर्जना गरेको बाध्यताकारी अवस्थामा नेपालका हिमालहरू पग्लिँदैछन्। नेपालको हिउँ भण्डार बिस्तारै पग्लिँदै गइरहेका छन्। हिउँको बाक्लो आवरणले छोपिएको हिमाल नाङ्गो हुन थालेको छ। बाह्रै महिना सधैं सेताम्मै देखिने हिमाल अहिले ध्वाँसे स्वरूपको बन्न थालेको छ। पृथ्वीको वायुमण्डलमा विभिन्न विषालु ग्यासहरूको मात्रा बढेर वातावरण वैज्ञानिकहरूकै शब्दमा अत्यन्त नै नाजुक अवस्थामा पुगिसकेको छ।

विश्वका शक्ति राष्ट्रहरूले औद्योगिक क्रान्तिसँगै र देशको आधुनिककरणसँगै सुरु गरेको प्रकृति र प्राकृतिक स्रोतहरूको अन्धाधुन्द दोहनले एकातिर संसारमा वनजंगलको क्षेत्र र गुणस्तर घटाउँदै लग्यो भने अर्कोतिर हाम्रो वायुमण्डलमा रहेको अक्सिजनको मात्रा घट्दै कार्बन डाइअक्साइड ग्यास, मिथेन, हाइड्रोजन लगायतका अन्य विषालु ग्यासहरूको अनुपातलाई झन् बढाउँदै गयो जुन कारणले गर्दा धर्ती तातिदै जाने अवस्था सिर्जना भयो।

नेपालभित्रकै जल जमिन र जंगल तथा मानव बस्ती बीचको सन्तुलन खलबलिँदै जथाभावी वनविनाश र स्रोत साधनहरूलाई व्यक्तिगत लाभ र मुनाफाको लागि भविष्यको परबाहै नगरी ब्रह्मलुट र दुरुपयोग गर्ने कार्य प्रारम्भ भयो। आज सरकारले देशको वातावरणीय संकटको अवस्थालाई दुनियाको ठूलो मञ्चबाट साझा गर्ने भाषणले पक्कै पनि केही न केही मात्रामा संसारका राजनीतिक खेलाडीहरूलाई उत्प्रेरणा जगाउन सक्छ होला। जसरी लामो कालखण्डको अभ्यासबाट दुनियाँले थाहा पाए कि साम्यवाद नै सबै थोक होइन। साम्यवादले नै दुनियाका मानिसहरू कहिले पनि एकै किसिमको आर्थिक अवस्थामा पुऱ्याउन सक्दैन र संसारबाट शोषण थिचोमिचो र अन्यायलाई निर्मूल पार्न सक्दैन। त्यस्तै पुँजीवादी औद्योगिकरणले पनि प्रायजसो दुनियाँको हरेक देशमा अपराधीरण बढाइ रहेको छ। अपराधहरू झ्याँगिँदै छन्। भ्रष्टाचारहरू झ्याङ्गिँदै गइरहेको छ, चोरी अपहरण डकैती लुटमार, हत्या बलात्कार लागूपदार्थको सेवन लगायतका संगठित अपराधहरू झन्झन व्यापकरूप लिँदैछ। साइबर क्राइम जस्ता अपराधहरूले विश्वव्यापी रूप लिइसकेको छ। अनेकौं किसिमका आपराधिक कृत्यहरू र कहिल्यै पनि नसोचिएको फ्रड कार्यहरू अहिले धमाधम संसारैभरि चलिरहेको छ। अन्तर्राष्ट्रिय स्तरमै पनि कानुन विपरीत गरिने कार्यहरूलाई सरकारले नियन्त्रण गर्न धौधौ परिरहेको छ। चाहे अमेरिका, बेलायत, रुस, चीन, भारत होस् या नेपाल सबैतिर लामो समयदेखि व्यवस्थापन गर्न नसकिएको समस्याहरूको चाङ लागेको छ। विश्वको सबैभन्दा ठूलो मञ्च संयुक्तराष्ट्रसँगमा दुनियाभरिका देशहरूको जमघट चलिरहँदा त्यसले निर्क्योल निकाल्नुपर्ने कुरो पक्कै पनि युगान्तकारी हुनुपर्दछ। अन्तर्राष्ट्रिय स्तरमै मानवता विरोधी कार्यहरूमा संलग्न हुँदै गरेको आतंकवादी संस्थाहरूलाई अझै सम्म पनि निर्मूल पार्न सकिएको छैन। विश्वका नागरिकहरूको शान्तिपूर्ण रूपले बाँच्ने अधिकार दिनप्रतिदिन कठिन हुँदै गइरहेको छ।

पर्यावरणलाई सुरक्षित बनाउने जिम्मेवारी विश्वकै नेताहरूको काँधमा छ। वातावरणीय जोखिम बढ्दै जाँदा वातावरणीय क्षतिपूर्ति वापत पाउनुपर्ने रकमहरू र स्रोत साधनहरु पनि बढाउँदै जानुपर्ने हुन्छ। जसजसले वातावरणलाई क्षति पुर्याएका छन् तिनीहरुले आफ्नो उत्तरदायित्व निर्वाह गरी वातावरणीय क्षतिको भरपाई तिर्नु वान्छनीय देखिन्छ।

अमेरिका चीन, इरान, इजरायल, भारत, बंगलादेश, पाकिस्तान, फ्रान्स, जापान लगायतका अन्य सबै राष्ट्रहरूले औद्योगिक प्रदूषण बढाउनमा उल्लेखनीय भूमिका खेलिरहेका छन् ती मुलुकहरूलाई वातावरणीय सन्तुलन जोगाउन कडाभन्दा कडा कदम उठाउनु जरुरी छ। संसार हिजो अस्तिको भन्दा भोलि पर्सिको दिनमा झन् कुरुप र असंवेदनशील बन्दैछ। प्रकृतिले मानव मनमस्तिष्क र मुटु भएका चेतनप्राणी लाई निर्जीव ढुंगा जस्तै व्यवहार गरिरहेको छ। प्रकृतिले मानव समाजमाथि गरेको निर्मम प्रहारलाई मानिसले भोग्न र सहन विवश बनाइँदैछ। धुवा, धुलो र केमिकल तथा औद्योगिक प्रदूषणलाई समाप्त पारे मात्र वातावरण संरक्षण गर्न सकिन्छ।

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको सम्मेलनमा नेपालको वातावरणीय संकटको अवस्थालाई उठाइरहँदा त्यसलाई विश्वको राजनीतिक नेतृत्वले कुन रूपमा लिन्छ त्यसको निष्कर्ष आगामी दिनहरूमा जनताले थाहा पाउने नै छन्। तर हामी स्वयं नै प्रकृतिको हितैसी बन्नुपर्दछ। हामी स्वयंले नै प्रकृतिलाई जोगाउन संघर्ष गर्नुपर्दछ। प्रकृतिको संरक्षक भएर बाँच्नु पर्दछ। आज हाम्रो हिमाल अपवित्र बनाइँदैछ। हिमालको पर्यावरणीय सुरक्षाको लागि बनाइएका नियमहरूलाई स्वयं पर्वतारोहीहरुले नै मिच्दै जाने अवस्थाहरू लगातार रुपमा बढ्दै गइरहेको छ। यस्तो अवस्थामा हामीले हिमाल आरोहण गर्ने पर्वतारोहीहरुलाई मात्र कीर्तिमान र मानसम्मानको लागि चढ्न दिने हो भने र तिनीहरूले हिमालमा जम्मा भएर बसेको फोहोर प्रदूषणलाई हटाउन सघाएनन् भने हामीले हिमाल आरोहण गर्न दिने कार्यलाई नै स्थगन गर्ने र रोक्ने विचार पनि गर्न हिच्किचाउनु हुँदैन।

हिमाल छ र त हाम्रो अस्तित्व छ, पहाड छ र त हाम्रो जीवनशैली बाँचिरहेको छ मधेस छ र त हाम्रो संस्कृति संस्कार र अर्थतन्त्र जीवित छ। नेपाललाई मरुभूमीकरण हुनबाट जोगाउनु पर्दछ। नेपाललाई वनविनाश हुनबाट जोगाउनु पर्दछ।

आज संसारले नचाहिँदो किसिमले ऊर्जा संकटको समस्या भोगिरहेको छ। हामीले ऊर्जा संकटको समस्यालाई समाधान गर्न वैकल्पिक ऊर्जाको स्रोत र साधनहरूको समेत खोजी गर्नु जरुरी छ। हाम्रो धर्म संस्कृति र संस्कार नै प्रकृतिको अस्तित्व सँगै जोडिएको हुनाले हामीले नै पृथ्वी जल आगो आकाश र वायुलाई देवता मानेका छौं, त्यसप्रति आदर सम्मान र संरक्षण गर्ने तत्परता देखाउनु पर्दछ। तसर्थ पृथ्वी बाँच्दा मात्र हामी बाँच्छौ भन्ने कुरालाई मनन गरी प्रकृतिसँग माया र प्रेम गर्ने भावना विकसित गर्नु जरुरी छ।

धर्मका कुरा

मंगलबार गणेशको पूजा कसरी गर्ने ?

मंगलबार गणेशको पूजा, अर्चना र व्रत बस्दा राम्रो फल प्राप्त हुने हिन्दू धर्म शास्त्रमा उल्लेख गरिएको छ। शास्त्रमा भगवान गणेशको पूजा विधि १६ भागमा उल्लेख गरिएको छ। जसमा आह्वान, आसन, पाद्य, अर्घ, आचमन, स्नान, वस्त्र, गंध, पुष्प, अक्षता, धूप, दीप, नैवेद्य, तांबूल, द्रव्य दक्षिणा, आरती, परिक्रमा पर्दछन्। यो पूजाविधिका लागि शुद्ध र एकाग्र मनले संकल्प लिनुपर्छ।

धर्मशास्त्रका अनुसार यी काम मंगलबार गर्दा हाम्रो जीवनमा समस्या बढ्न सक्छन्। मंगलबार कुखुरा वा अन्य पंक्षीको हत्या गर्दा मानिसको बुद्धी भ्रमित हुने विश्वास छ। मंगलबारको दिन माछा खाँदा तपाइँलाई आर्थिक नोक्सानी हुने मानिन्छ। मंगलबार मासु सेवन गर्नु हुँदैन। मंगलबारको दिन मदिरा सेवन गर्दा तपाईंको क्रोधमा वृद्धि हुन्छ। गणेशजीलाई सबैभन्दा बढी मन पर्ने भोजन लड्डु हो। यसबारे पद्मपुराणमा एउटा कथा छः-

पूर्वकालमा पार्वतीदेवीलाई देवताहरूले अमृतले तयार पारिएको एउटा दिव्य लड्डु दिए। लड्डु देखेर कुमारजी र गणेशजीले मातासँग जिद्दी गरेर लड्डु माग्न थाले। तब माताले लड्डुको महत्वको वर्णन गरेर भनिन् कि तिमीहरु मध्ये जसले धर्माचरणद्वारा श्रेष्ठता प्राप्त गरेर सर्वप्रथम सबै तीर्थको जसले भ्रमण गरेर आउँछ म उसैलाई यो लड्डु दिन्छु।

माताको यस्तो कुरा सुनेर कुमारले मयुरमा सवार भएर मुहूर्तभरमा सबै तीर्थको स्नान गरेर आए। यता गणेशजी भने आफ्नो वाहन मुसा भएका कारण तीर्थ भ्रमण गर्न असमर्थ भए। तब गणेशजीले श्रद्धापूर्वक मातापितालाई परिक्रमा गरेर पिताजीको अगाडि उभिए।

यो देखेर माता पार्वतीले भनिन्, 'सबै तीर्थमा गरेको स्नान, सबै देवतालाई गरेको नमस्कार, सबै यज्ञको अनुष्ठान तथा सबै प्रकारको व्रत, मन्त्र, योग र संयमको पालन यी सबै साधनाहरू मातापिताको पूजाको अंशको बराबर पनि हुन सक्दैन।'

त्यसकारण गणेशजी सयौँ पुत्रहरू र सयौँ गणहरूभन्दा पनि धेरै छन्। त्यसैले उनलाई गणनायक पनि भनिन्छ। पार्वतीले सो लड्डु गणेशलाई अर्पण गरिन्। त्यसकारण यो लड्डुसँग मातापिताको भक्ति पनि जोडिएको छ। हामीले गणेश भगवानलाई लड्डु अर्पण गरेर चढाउँदा यो उहाँले गर्नुभएको मातापिताप्रतिको भक्ति भावलाई मनन गर्नु अत्यन्तै आवश्यक छ। उनको साथमा रहने लड्डु यसैको प्रतीक हो।

'ग' को अर्थ बुद्धि र 'ण' को अर्थ ज्ञान हुन्छ। तसर्थ गणेश भगवान बुद्धि र ज्ञानका प्रतीक मानिन्छन्। भगवान गणेशको अर्को नाम 'विघ्नेश्वर' पनि हो। उनी सबै बिघ्नबाधाहरुको निवारक पनि हुन्। उनले सबै कार्यहरू निर्विघ्न गराउँछन्। भगवान गणेशको अर्को नाम 'विनायक' पनि हो विनायकको अर्थ अरु कोही नायक छैन, उ नै सर्वश्रेष्ठ नायक हो भन्ने बुझिन्छ।

भगवान गणेश सबै शक्तिका श्रोत पनि मानिन्छन्। हुन त हाम्रा सबै देवीदेवताहरुमा दातापन छ तर गणेशजी मङ्गलदाता हुनुहुन्छ। गणेशजी हाम्रो सोच, चिन्तन, धारणा र व्यवहारमा यसकारण पूजनीय छ कि उनी गुणहरूको खानी छन्। उनमा सबै गुण र शक्तिहरू शोभायमान छ। उनी देवताहरूमध्ये गुणको देवता मानिन्छन्।

भगवान गणेशको पूजा गर्दा जप्नुपर्ने मन्त्र

यी ११ मन्त्रहरू जप्दा गणेश भगवान् चाँडै प्रसन्न हुने र कृपाले जीवनमा सफलता मिल्ने विश्वास छ। १. श्री गणेशाय नमः २. ॐ श्री गणेशाय नमः ३. गं गणपतये नमः ४. ॐ गं गणपतये नमः ५. ॐ गं ॐ गणाधिपतये नमः ६. ॐ सिद्धि विनायकाय नमः ७. ॐ गजाननाय नमः ८. ॐ एकदंताय नमो नमः ९. ॐ लम्बोदराय नमः १०. ॐ वक्रतुंडाय नमो नमः ११. ॐ गणाध्यक्षाय नमः।

फुटबलका 'ड्राइभर' दीपेन्द्र धिमाल अब सम्झनामा

धनश्याम/तेजन

उर्लाबारी/ कहिलेकाहीँ कुनै मानिसको निधन एउटा व्यक्तिको जीवनको अन्त्य मात्र हुँदैन, एउटा युगको अन्त्यजस्तै हुन्छ। अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य तथा मोरङ जिल्ला फुटबल संघका पूर्वअध्यक्ष दीपेन्द्र धिमालको निधन उर्लाबारीको फुटबलका लागि त्यस्तै क्षण बनेको छ।

पेटको क्यान्सरको उपचार गराइरहनुभएका ६१ वर्षीय धिमालको बिहीबार बिहान आफ्नै निवास मोरङको उर्लाबारीमा निधन भयो। केही दिनअघि मात्र भारतको हैदराबादबाट उपचार गराएर घर फर्किएका उनीले छैटौँ पटकको किमोथेरापी गराएको पारिवारिक स्रोतले जनाएको छ। फुटबलमा साथीहरूले मायाले दिएको उपनाम थियो–'ड्राइभर'। बललाई नियन्त्रणमा लिएर मैदानको एक छेउबाट अर्को छेउसम्म पुऱ्याउने उनको शैलीका कारण पाएको यो नाम अन्ततः परिचय बन्यो।

२०२५ सालमा उर्लाबारी-६ मा जन्मिएका धिमालले स्थानीय मैदानबाट फुटबल यात्रा सुरु गरे। उनले पश्चिम बंगालको इस्ट बंगाल, भुटानको थिम्पु टिम, जनकपुर चुरोट कारखाना टिम तथा थ्रीस्टार क्लब, ललितपुरबाट समेत फुटबल खेलेको इतिहास अब फुटबलका प्रतिभा र फुटबलप्रेमीका लागि प्रेरणादायी बनेको छ।

यद्यपि उनको योगदान खेलाडी जीवनमा मात्र सीमित रहेन। आफ्ना धेरै

समकालीन खेलाडी अवसरको खोजीमा बाहिरिँदा उनी भने उर्लाबारीमै बसेर नयाँ पुस्तालाई फुटबलसँग जोडिरहे। स्थानीय प्रतियोगितादेखि गोल्डकपसम्म आयोजना गर्न सक्रिय भए र युवालाई खेलमार्फत् अनुशासन, एकता र सम्भावनाको बाटो देखाइरहे। महिला फुटबलको विकासमा पनि उनको महत्वपूर्ण योगदान रह्यो। प्लान नेपालसँगको सहकार्यमा आम्बाडी र बयरबनमा सञ्चालन गरिएका महिला फुटबल प्रशिक्षण क्याम्पले धेरै किशोरीलाई खेलकुदको पहिलो अवसर दिएको थियो।

गंगा गुरुङ, जमुना गुरुङलगायत खेलाडी राष्ट्रिय टोलीसम्म पुगे। एञ्जिला तुम्बापोसहित थुप्रै खेलाडीको फुटबल यात्रामा समेत धिमालको योगदान स्मरणीय छ र रहिरहनेछ।

उर्लाबारी फुटबल क्लबको स्थापनादेखि नेतृत्व, उर्लाबारी युवा क्लबको संस्थापक भूमिका हुँदै उनी मोरङ जिल्ला फुटबल संघको सदस्य, महासचिव र तीन कार्यकाल अध्यक्षसमेत बनेर फुटबल खेलको प्रवर्द्धन र संरक्षणमा लागिरहेका व्यक्ति हुन। तिनै धिमाल पछिल्लो साधारणसभाबाट एन्फा केन्द्रीय सदस्यमा निर्वाचित भएर काम गरिरहेका थिए। धिमालले धनसम्पत्ति कति जोडियो भन्नेभन्दा उनले कति खेलाडीलाई मैदानमा उतारे, कति युवाको खेलकुदप्रतिको मोहलाई व्यवहारिक बनाए, कति प्रतिभाका सपना पुरा गरे भन्ने महत्वपूर्ण उनको जीवनको कमाई हो।

दीपेन्द्र धिमाल मैदानबाट विदा भएपनि उर्लाबारीको फुटबलले उनलाई कहिल्यै बिदा गर्न सक्ने छैन, उनका ति योगदान र उनीसँगका सममिप्यताका पलहरुलाई सदैव हरेक फुलबल खेलाडी र खेलप्रेमीको मानसपटलमा घुमिरहनेछन। उनको भौतिक शरिर माटोमा मिल्यो, उनका पाइला मैदानमा देखिने छैनन्, सुनिने छैन, तर उनका पदचाप उर्लाबारीको फुटबल इतिहासमा लामो समयसम्म सुनिइरहनेछन्।

बल बोकेर दौडिएको त्यो 'ड्राइभर' रोकिएको छ। तर उनले अघि बढाएको बल, देखाएको बाटो र जन्माएको सपना

युवाको पहलमा सडक स्तरोन्नति

ताप्लेजुङ/ दश वर्षभन्दा लामो समय बितिसक्दा पनि खोक्लिङ (लिवाङ(साँवा(पापुङ सडकमा ठुला तथा मालवाहक सवारीसाधन सहज रूपमा सञ्चालन हुन सकेका छैनन् । सडकको अवस्था कमजोर हुँदा स्थानीयवासीसँगै जलविद्युत् आयोजना, व्यवसायी र अन्य सेवाग्राही प्रभावित हुँदै आएका छन् ।

सदरमुकाम फुङ्लिङबाट करिब ३८ किलोमिटर दूरीमा रहेको पर्यटकीय क्षेत्र फुङ्फुङ्गे झरना पुग्ने मुख्य मार्गसमेत यही सडक हो । सडक स्तरोन्नति नहुँदा फुङ्फुङ्गे झरना तथा गाउँपालिकाका विभिन्न क्षेत्रको आवतजावतमा समेत समस्या हुँदै आएको छ ।

मिक्वाखोला गाउँपालिकाअन्तर्गत खोक्लिङ (लिवाङ(साँवा(पापुङ सडक स्तरोन्नतिका लागि स्थानीय युवाले पहल थालेका छन् । लामो समयदेखि ठुला तथा मालवाहक सवारीसाधन सहज रूपमा सञ्चालन हुन नसकेको सडकलाई तत्काल सञ्चालनयोग्य बनाउने उद्देश्यले युवाले सरोकारवाला निकायबिच समन्वय र सहजीकरणका लागि समिति गठन गरेका हुन् ।

किरण लिवाङको अध्यक्षतामा १५ सदस्यीय सडक सरोकार समिति गठन गरिएको छ । समितिको उपाध्यक्षमा नुपु शेर्पा, सचिवमा मिथुन साँवा तथा सदस्यमा राजन कार्की, दोर्ची शेर्पा, रनध्वोज थलङ, अजय थलङ, नरेश साँवा, सूर्य लिम्बू, रिमोश लिम्बू, सिंहमान साँवा, प्रणय थलङ, मोतिहाङ थलङ, दावा छेतेन शेर्पा र सुरेन्द्र लिम्बू छन् ।

सडक तत्काल स्तरोन्नति गरी ठुला सवारीसाधन सञ्चालन गर्न सक्ने बनाउने तथा पाँचवटै वडाका जनप्रतिनिधि, जलविद्युत् आयोजना, राजनीतिक दल, स्थानीयवासी र अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने उद्देश्यले समिति गठन गरिएको उपाध्यक्ष नुपु शेर्पाले जानकारी दिए ।

मिक्वाखोला गाउँपालिकाभित्र सञ्चालित जलविद्युत् आयोजनाले समेत सडक स्तरोन्नतिमा चासो देखाएका छन् । पालिकाभित्रका सडक बाह्रै महिना सञ्चालन नहुने अवस्था रहेकाले आयोजनाले अन्य स्थानीय तह हुँदै आवतजावत गर्नुपर्ने बाध्यता रहेको जनाइएको छ । हाल आयोजनाका ठुला तथा मालवाहक सवारीसाधनले दोभान(मेरिङ्देन हुँदै साँवा जोड्ने सडक प्रयोग गर्दै आएका छन् ।

खानपान र जीवनशैली

यस्ता छन् शाकाहारी खानाबाट हुने फाइदा

तपाई शाहाकारी भोजनको कति सौखिन हुनुहुन्छ ? शाकाहारी भोजनका कारण इनर्जी कम हुन्छ भन्ने धारणा तपाईंमा छ भने पनि यसलाई आजैदेखि हटाउँदा हुन्छ । कुनै पनि मानिसको शरीरमा इनर्जी कम हुनुको कारण आइरन र भिटामिन बी-१२को कमीले हो । यी दुई पौष्टिक तत्व आपूर्तिको सबैभन्दा उत्तम स्रोत नै शाकाहारी खाना हो ।

सागसब्जीबाट प्राप्त हुने प्रोटिनले शारीरिक आवश्यकतालाई राम्रैसँग धान्छ । तोफु, बिन्स, दाल, फलफूल र रोटीबाट तपाईंले भरपूर मात्रामा प्रोटिन प्राप्त गर्न सक्नुहुन्छ । कतिपयले शाकाहारी खानामा आइरनको कमी भएको बताउँछन्। तर, त्यसो होइन। पालक, बिन्स र तोफुजस्ता शाकाहारी खानामा अत्यधिक आइरन हुन्छ ।

शाकाहारी भोजनका कारण इनर्जी कम हुन्छ भन्ने धारणा तपाईंमा छ भने पनि यसलाई आजैदेखि हटाउँदा हुन्छ । कुनै पनि मानिसको शरीरमा इनर्जी कम हुनुको कारण आइरन र भिटामिन बी-१२को कमीले हो। यी दुई पौष्टिक तत्व आपूर्तिको सबैभन्दा उत्तम स्रोत नै शाकाहारी खाना हो । पालक, दाल, फलफूल, बिन्स, काजुजस्ता खाद्यपदार्थबाट यस्ता पौष्टिक तत्व प्राप्त गर्न सकिन्छ ।

शाकाहारी खानामा फाइबरको मात्रा अत्यधिक हुन्छ । जसले मानिसको पेट भरिराख्न सहयोग पुऱ्याउँछ । यसका साथै शाकाहारी भोजनले रगतमा सुगरको लेभल स्टेबल बनाई भोकको इच्छा कम गर्ने काम गर्छ ।

धेरै मानिसले मान्ने कुरा के पनि हो भने शाकाहारी खानामा बोसोको मात्रा पाइँदैन, जसले गर्दामा मानिसमा बोसोको कमी हुन थाल्छ । यसमा पनि कुनै सत्यता छैन । तर, फ्रेन्च फ्राई, तेलमा भुटेका पकौडा, भेजिटेरियन फुडमा बोसोको मात्रा हुन्छ भनेरचाहिँ सबैले भन्दै आएको कुरा हो ।

पुस्तक साभार

नेपालको इतिहास र समाज अध्ययन



✍ डा. सूर्यमनि अधिकारी

ललितपुर विजय

गतांकबाट....यता दक्षिणतर्फ तनहूँको बाटो तनहुँका सैन्यसमेत साथमा लिएर केहरसिंह बस्नेत अगाडि बढे । रिसिङ र घिरिङले पहिले नै तनहूँसमै नेपालको आश्रय स्वीकार गरिसकेका थिए । त्यसो हुँदा केहरसिंह बस्ने सरासर भीरकोटमाथि आक्रमण गर्न पुगे । नेपाली आक्रमणका डरले भीरकोट पर्वतसँग मिलिसकेको थियो। वि.सं.१८२८ जेठ २६ गते भीरकोट, गरहूँ र पैयूँमा नेपाली सेनाले अधिकार गरे। विजय गर्दै अघि बढेका वंशराज पाण्डे र केहरसिंह बस्नेत आ-आफ्ना सेनासहित स्याङ्जामा भेट भए। यसैबीच बर्साद सुरू भएकाले नेपाली सेना बसांदभर स्याङ्जामा नै रहे ।

पर्वतका राजा कीर्तिबम मल्ल नेपाली सेनाको पश्चिम विजय अभियानलाई रोक्ने प्रयासमा लागिरहेका थिए। उनलाई लमजुङ र तनहुँका राजाले पनि साथ दिए । आफ्ना ९६ सैनिक नेपाली सैनिकद्वारा गृहोाटमा काटिएपछि तनहुँ नेपालको विरोधमा उत्रियो । पर्वतको नेतृत्वमा अन्य साना राज्य पनि एकत्रित हुन आए। लगभग २००० लड़ाका जवान भएको एउटा सैन्य दत्त खडा गरियो। यिनीहरु र नेपाली सेनाबीच बि.सं.१८२८ पौष ५ गते सतहूँमा १६ घण्टासम्म घोर घमासान युद्ध भयो। नेपाली पक्षका ५०० जति सैनिकसहित सेनापति केहरसिंह बस्नेत मारिए। विषालु वाण लाग्न गई अचेत भएका काजी वंशराज पाण्डेलाई पक्रेर पर्वत पुऱ्याइयो। बचेका नेपाली सैनिक बाटामा अनेक हन्डर खाँदै भागेर गोर्खा पुगे। यसप्रकार पृथ्वीनारायण शाहको पश्चिम विजय गर्ने अभियान असफल भई आश्रय स्वीकार गरिसकेका तनहुँलगायतका चौबीसे राज्यहरु पुनः स्वतन्त्र भए ।

पूर्वी नेपालको विजय अभियान

पश्चिममा असफल भएपछि पृथ्वीनारायण शाहले आफ्नो ध्यानपूर्वतर्फ केचित करे। उनले अभिमानसिंह बस्नेत, अमरसिंह थापा, रामकृष्ण कुंवर, पारन भण्डारी आदि सेनानायकहरूलाई पूर्वी नेपालमा विजय अभियानको जिम्मेवारी सुम्पिए । त्यस बखत पूर्वमा चौदण्डी र विजयपुर नामका दुई स्वतन्त्र राज्य थिए। यी दुवैमा पाल्याची मेनवंशका राजा राज्य गर्दचे। चौदण्डीलाई खम्बुवान वा माभाकिटात र विजयपुरलाई लिम्बुवान वा पल्लोकिरात पनि भनिन्थ्यो। चौदण्डीमा राजा कर्णसेन थिए भने विजयपुरमा राजा कामयत्तनको रहस्यमय हत्यापछि राजगद्दी रिक्त थियो। मन्त्री बुद्धिकर्ण राई त्यस बचत विजयपुरका सर्वेसर्वा बनेका थिए ।

नेपालीहरूले वि.सं.१८३० को वैशाखमा चौदण्डीमाथि अधिकार गरे। त्यहाँका राजा कर्णसेन भापेर विजयपुर शरण लिन गए। विजयपुरको राजगद्दी रिक्त रहेकाले मन्त्री बुद्धिकर्ण राईले कर्णसेनलाई नै त्यहाँका राजा बनाए। चौदण्डी विजयको पन्ध्र महिनापछि वि.सं.१८३५ को साउनमा नेपालीहरूले विजयपुर पनि अधिकार गरे । कर्णसेन र बुद्धिकर्ण राई भागेर भारत पसे। वि.सं.१८३१ को मार्च महिनामा इलाम अधिकार गरी नेपाली सैनिक दार्जिलिङ दाखिल भए। उनीहरु सिक्किममाथि आक्रमण भर्ने तयारी गर्दै थिए । यसैबीच नेपाल राष्ट्रका जनक श्री ५ पृथ्वीनारायण शाहको ५२ वर्षको उमेरमा १८३१ माघे सङ्क्रान्तिका दिन प्रातः ७.३० बजे नुवाकोटनजिकै त्रिशूली नदीको किनार देवीघाटमा देहान्त भयो। त्यो दुःखद समाचार पाएपछि नेपाली सैनिकहरु विजय अभियान स्थगित गरी फर्किए । क्रमशः...

मनोरञ्जन

चलचित्र 'बाः एक योद्धा'लाई दर्शकको साथ

दमक/ शुक्रबारदेखि प्रदर्शनमा आएको नेपाली फिल्म 'बाः एक योद्धा'ले सुरुवाती दिनमा दर्शकको राम्रो साथ पाइरहेको निर्माण पक्षले जनाएको छ । लगातारको झरीका बीच पनि फिल्मले देशभरका हलमा दर्शक तान्न सफल भएको र शनिबार अधिकांश शोमा उपस्थिति थप राम्रो देखिएको निर्माण पक्षको दाबी छ । यद्यपि, फिल्मको आधिकारिक कमाइ भने सार्वजनिक गरिएको छैन ।

निर्देशक हरि लम्सालका अनुसार फिल्मले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । विशेषगरी फिल्मले उठाएको बुवाको त्याग, संघर्ष र सन्तानप्रतिको जिम्मेवारीको कथाले दर्शकलाई छोएको उनको भनाइ छ ।

'बाः एक योद्धा'ले सन्तानको भविष्य बनाउन बुवाआमाले गर्ने संघर्षदेखि उनीहरू वृद्ध हुँदै जाँदा भोग्नुपर्ने एक्लोपन र पीडासम्मका विषयलाई कथामा समेटेको छ ।

आफ्ना इच्छा र अधिकारका कुरा गरिरहँदा सन्तानले अभिभावकप्रतिको जिम्मेवारी बिर्सन नहुने सन्देश फिल्मले दिन खोजेको निर्देशक लम्साल बताउँछन् ।

फिल्म हेरेका केही अभिभावकले आफ्ना सन्तानलाई पनि फिल्म देखाउनुपर्ने प्रतिक्रिया दिएको निर्देशकको भनाइ छ । उनका अनुसार पारिवारिक सम्बन्ध र अभिभावकप्रतिको दायित्व सम्झाउने भएकाले फिल्मले दर्शकमा भावनात्मक प्रभाव पारिरहेको छ ।

हरि लम्सालकै लेखन तथा निर्देशन रहेको फिल्ममा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापाको अभिनय छ । आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा बनेको फिल्मका निर्माता वसन्त लम्साल र कार्यकारी निर्माता अनिल बुढाथोकी हुन् ।

गीतकार संघद्वारा विभिन्न स्रष्टा सम्मानित

दमक । गीतकार संघ नेपालले विभिन्न सस्ट्राहरुलाइ सम्मान गरेको छ । गीतकार संघ नेपालको १७ औं वार्षिकोत्सवको उपलक्ष्यमामा विभिन्न सस्ट्राहरुलाइ सम्मान गरेको हो । यस वर्षको विशेष समारोहमा नेपाली कला र गीत संगीत क्षेत्रका मूर्धन्य व्यक्तित्वहरूलाई विभिन्न प्रतिष्ठित सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । जसअनुसार प्रतिष्ठित गीतकार निर शाहलाई १ लाख ५१ हजार नगदसहित 'अमर भावना राष्ट्रिय स्रष्टा सम्मान-२०८२' अर्पण गरिएको छ । त्यस्तै, समारोहमा 'डायस्पोरा गीतकार सम्मान गीतकार संघ नेपाल-२०८२'बाट १५ हजार नगदसहित गीतकार नीलम आङबुहाङ राइ, 'विष्णु मनसरा घले मातृभाषा गीतकार सम्मान -२०८२' बाट लोहोरुङ राई भाषाका नईन्द्र लोहोरुङ २५ हजार नगदसहित सम्मानित भएका छन् ।

नेपालमा प्रत्येक वर्ष रेबिजबाट एक सय जनाको मृत्यु

दमक/ नेपालमा रेबिज रोगका कारण प्रत्येक वर्ष करिब १ सय जनाको मृत्यु हुने गरेको अनुमान गरिएको छ ।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा रेबिज एक गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेको छ, जहाँ देशको कुल जनसंख्याको करिब ५० प्रतिशत हिस्सा उच्च जोखिम क्षेत्रमा बसोवास गर्छन् र बालबालिका विशेष जोखिममा रहेका छन् ।

वार्षिक सवा दुई लाखभन्दा बढी टोकाइका घटना

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले विश्व रेबिज दिवस २०२६ को अवसरमा सार्वजनिक गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१ र ८२ मा देशभर २ लाख २३ हजार ५१० वटा जनावरको टोकाइका घटनाहरू दर्ता भएका छन् ।

तीमध्ये करिब ९६ प्रतिशत टोकाइ कुकुरबाट भएको छ भने नेपालमा हुने मानव रेबिजका करिब ९९ प्रतिशत घटना कुकुरको टोकाइसँग नै सम्बन्धित रहेका छन् ।

विश्वव्यापी रूपमा हेर्दा हरेक वर्ष अनुमानित ५९ हजार ९१० जना मानिसको रेबिजका कारण मृत्यु हुने गर्छ। यसमध्ये ४७ प्रतिशत मृत्यु दक्षिणपूर्वी एसियामा र ३२.५ प्रतिशत मृत्यु अफ्रिकी मुलुकहरूमा हुने गर्दछ । रेबिजबाट ज्यान गुमाउने कुल संख्यामध्ये करिब ४० प्रतिशत १५ वर्षभन्दा कम उमेरका बालबालिका रहेका छन् ।

सन् २०३० सम्म शून्य मृत्युको लक्ष्य

नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने मानव रेबिज मृत्युलाई शून्यमा झार्ने राष्ट्रिय लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि नेपालका सातै प्रदेशमा रेबिज निवारण रणनीति तथा रोडम्याप विकास गरिएको छ ।

रेबिज नियन्त्रणका लागि नेपालले मानव स्वास्थ्य, पशु स्वास्थ्य, वन्यजन्तु, वातावरण तथा स्थानीय तहबीच समन्वय कायम गर्दै 'एक स्वास्थ्य अवधारणा'लाई प्राथमिकतामा राखेर कार्यहरू अघि बढाएको छ। हाल देशभरका २८६ वटा सेवा केन्द्रमार्फत रेबिजविरुद्धको खोप सेवा उपलब्ध गराइँदै आएको छ ।

तत्काल सही उपचार र प्राथमिक सावधानी

रेबिज घातक रोग भए तापनि समयमै उचित उपचार पाएमा यसको रोकथाम शतप्रतिशत सम्भव छ । जनावर वा कुकुर र बिरालोले टोकेमा वा चिथोरेमा घाउलाई साबुन र बगिरहेको पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुनुपर्छ । घाउमा खुर्सानी, तेल, माटो, जडीबुटी वा अन्य कुनै घरेलु पदार्थ लगाउनु हुँदैन ।

रेबिजको लक्षण देखिएपछि उपचार सम्भव नहुने र यो शतप्रतिशत घातक हुने भएकाले जनावरको टोकाई लगत्तै नजिकैको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीको सल्लाहअनुसार खोप तथा उपचारको निर्धारित प्रक्रिया पूरा गर्नुपर्छ ।

आज मिति
२०८३ साल
असोज १३ गते
मंगलबार
29 Sept. 2026
तिथि: द्वितीया श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

मेष — चु चे लो ला लि लँ ले लो अ
द्रव्य प्राप्ती ।
खुट्टा दुख्ने ।

वृष — इ उ ए ओ वा वि वु वे वो
शत्रुको भय ।
शुभकर्ममा खर्च ।

मिथुन — का कि कु घ ङ छ के को हा
मान प्रतिष्ठा बढ्ने ।
सामान्य आम्दानी ।

कर्कट — चु चे लो ला लि लँ ले लो अ
धर्ममा रुचि ।
राज्य पक्षबाट सहयोग ।

सिंह — मा मि मु मे मो टा टि टु टे
नजिकको तिर्थ यात्रा ।
शिरमा समस्या ।

कन्या — टो प पी पँ ष ण ठ पे पो
अलिक मन आत्तिने ।
सुसुरालीको सहयोग ।

तुला — हि हु हे हो डा डि डु डे डो
व्यापारबाट लाभ ।
प्रेममा सुधार ।

वृश्चिक — तो ना नि नँ ने नो या यि यु
प्रतिष्पर्धामा सफल ।
रोजगारीको अवसर ।

धनु — य यो भा भी भ धा फा ढ भे
पढाईमा बाधा ।
कार्यमा निकै खट्नुपर्ला ।

मकर — भो जा जी खि खू खे खो गा गी
कार्यमा ढिलाई ।
आयमा सामानय ।

कुम्भ — गँ गे गो सा सी सँ से सो द
पराक्रमबाट धन लाभ ।
आफन्तको सहयोग ।

मीन — दि दु थ झ ञ दे दो चा ची
सोचेजस्तो काम नहुने ।
खर्च बढ्ने ।

भुक्तानीको समस्याले धनकुटाको दुग्ध क्षेत्र प्रभावित

धनकुटा/ भुक्तानीको समस्याले धनकुटाको दुग्ध क्षेत्र प्रभावित भएको छ । आर्थिक वर्ष २०८०/०८१ यताका दुई वर्षमा धनकुटामा दुधको उत्पादन निरन्तर ओरालो लागेको हो । कृषकले पाउने दुधको भुक्तानी नियमित नहुँदा उत्पादन घट्दै गएको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ सेवा केन्द्र धनकुटाको प्रमुख हिमा कुमारी गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०८०/०८१ नै डिडिसिले भुक्तानी नियमित दिन छाडेको हो । त्यस पछिका आर्थिक वर्षमा जिल्लामा निरन्तर दुध उत्पादन घटेको हो ।

आर्थिक वर्ष २०८०/०८१ मा जिल्लामा १७ हजार एक सय १३ मेट्रिक टन दुध उत्पादन भएकोमा आर्थिक वर्ष २०८१/०८२ मा १३ हजार तीन सय तीन र गत आर्थिक वर्षमा ११ हजार चार सय ५९ मेट्रिक टन दुध उत्पादन भएको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ सेवा केन्द्र धनकुटाले जनाएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा दुई सय ८० मेट्रिक टन छुर्पी उत्पादन भएको धनकुटामा आर्थिक वर्ष २०८०/०८१ दुई सय ६०, आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ मा दुई सय २१ मेट्रिक टन उत्पादन भएको छ ।

त्यस्तै घ्यू आर्थिक वर्ष २०८०/०८१ मा १५.५, आर्थिक वर्ष २०८१/०८२ मा १८.२ र आर्थिक वर्ष २०८२/०८३ मा ८.४ मेट्रिक टन मात्र उत्पादन भएको कार्यालयका सूचना अधिकारी दिनेश कार्कीले बताए ।

धनकुटामा उत्पादन भएको अधिकांश दुधको करिब ६० प्रतिशत डिडिसी तथा निजी डेरीमार्फत जिल्लाबाहिर निकासी हुँदै आएको थियो भने ४० प्रतिशत स्थानीय डेरीले छुर्पी घ्यू तथा चिज उत्पादन गरी निकासी गर्दै आएका छन् ।

देउवा पक्षका केन्द्रीय नेताहरू स्वतः महाधिवेशन प्रतिनिधि हुने

दमक/ नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले मंसिर २१ गतेदेखि २३ गतेसम्म १५ औं महाधिवेशन गर्ने भएका छन् ।

उक्त महाधिवेशनमा भाग लिन केन्द्रीय नेताहरूलाई सम्बन्धित वडामा गएर चुनाव लडेर आउनुपर्दैन, स्वतः महाधिवेशन प्रतिनिधि रहने व्यवस्था छ ।

गगन थापा नेतृत्वको कांग्रेसले भने नेताहरूलाई स्वतः महाधिवेशन प्रतिनिधि बनाउने व्यवस्था राखेको छैन, वडाबाटै आउनुपर्छ । तर देउवा पक्षले भने विगतकै अभ्यासलाई निरन्तरता दिएको देखिन्छ ।

देउवा पक्षले गराउने महाधिवेशनमा १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, निर्वाचित केन्द्रीय सदस्य, मनोनीत केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य र प्रदेश सभापतिहरु स्वतः महाधिवेशन प्रतिनिधि हुनेछन् ।

साथै पछिल्लो निर्वाचनमा प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा सदस्यमा प्रत्यक्ष र समानुपातिक सांसद र सांसदको उम्मेदवारहरु क्षेत्रीय सभापति र जिल्ला सभापति सम्बन्धित क्षेत्रको प्रतिनिधि हुने व्यवस्था पनि छ ।

देउवा पक्षले वडादेखि पार्टीका सबै तहका संरचनामा युवालाई पनि समावेश गर्ने भएको छ । १८ देखि २८ वर्षसम्मका कम्तीमा १ महिला र १ पुरूष वडा कार्यसमितिमा रहनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। साथै ४० वर्षमुनिका कम्तीमा १ महिला र एक पुरूष रहनुपर्ने व्यवस्था गरिएको छ । विगतमा कांग्रेसमा यस्तो अभ्यास थिएन ।

इरानसँगको तनाव बढेपछि तेलको मूल्य बढ्यो

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले प्रस्ताव गरेको सातदिने युद्धविराम अस्वीकार गरेपछि सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ । तेलको मूल्यमा भएको वृद्धिसँगै विश्वव्यापी मुद्रास्फीति बढ्न सक्ने चिन्ता पनि बढेको छ । यसको असर विभिन्न देशका सेयर बजारमा समेत परेको छ । युद्धविरामको प्रस्ताव सार्वजनिक भएपछि शुक्रबार दुई प्रतिशतभन्दा बढी घटेको कच्चा तेलको मूल्य सोमबार पुनः बढेको हो । अन्तर्राष्ट्रिय बजारमा उत्तर समुद्री कच्चा तेलको मूल्य १.८ प्रतिशत बढेर प्रतिब्यारेल १०६.१९ अमेरिकी डलर पुगेको छ । त्यस्तै, अमेरिकी पश्चिमी टेक्सास क्षेत्रको कच्चा तेलको मूल्य १ प्रतिशत बढेर प्रतिब्यारेल ९३.३४ डलर पुगेको छ । इरानले गत साता संयुक्त राष्ट्रसंघको महासभामा सातदिने युद्धविरामको प्रस्ताव अघि सारेको थियो । उक्त प्रस्ताव कार्यान्वयन भए होर्मुज जलडमरूमध्य पुनः खुल्ने र विश्वव्यापी ऊर्जा आपूर्तिमा देखिएको समस्या केही सहज हुने अपेक्षा गरिएको थियो । विश्वको महत्वपूर्ण ऊर्जा आपूर्ति मार्गका रूपमा रहेको होर्मुज जलडमरूमध्य अहिले अमेरिका र इरानबीचको तनावको महत्वपूर्ण विषय बनेको छ ।

ठुलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

जुवाखाल...बढी नगद र तासहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । संखुवासभाको खाँदबारी नगरपालिका(८ जिरो पोइन्ट बस्ने ५९ वर्षीय मानबहादुर तिवारीको घरमा जुवातास खेलिरहेको अवस्थामा मानबहादुरसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै, धनकुटा नगरपालिका(१ हिलेबाट जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ५२ वर्षीय मोहनबहादुर विकसहित आठ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दुई... बाढी आएको थियो । भोटेकोशी, त्रिशुली र नारायणीको किनारमा भेटिएका १०३ जनाको शव पहिचान भएको छ । पहिचान हुन नसकेका १२ सय ३० शव गाडेर व्यवस्थापन गरिएको छ ।

भोटेकोशीको बाढीमा मृत फेला पर्नेमा ५४४ जना पुरूष र ३३६ महिला थिए । ५१९ जनाको आंशिक अंग मात्र भेटिएको छ र २५ जना प्रहरी सम्पर्कविहीन छन् । त्यस्तै ६१० जना विदेशी पनि हराइरहेका छन् ।

पहिचानका लागि १२ सय ८६ वटा शवको स्याम्पल संकलन गरिएको छ । बेपत्ताका आफन्तहरूबाट १८ सय ८९ नमुना संकलन गरिएको प्रहरी प्रवक्ता (डीआईजी) अबिनारायण काˆलेले रातोपाटीलाई बताए । शव र आफन्तबाट संकलन गरिएको ३ हजार १७५ नमुनाबाट डीएनए परिक्षण हुँदै छ । खुमलटारस्थित राष्ट्रिय विधि विज्ञान प्रयोगशाला र सामाखुसीस्थित प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा डीएनए परीक्षणको काम भइरहेको छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने जय कुमार तिवारीको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/घ को कि.नं. ३५८८ ज.वि. ०-१-०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतर तर्फ सँधियार चन्द्र मणि सोडारी उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०६बस्ने सीता भट्टराईको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/ङ को कि.नं. ४३४६ ज.वि. ०-०-१२-३मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिम तर्फ सँधियार महेन्द्र जंग गुरुङ दक्षिण तर्फ सँधियार ललित राई उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

हिमालयन बैंक लिमिटेडको ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँबा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कार वाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ । साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

तपशील

ऋणीको नाम	धितो विवरण
शाखा कार्यालय: दमक शाखा, झापा	
१. घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा प्रा.फ.न.घ.उ. मो. १६६८५/०७७/०७८ कायम भइ मिति २०७७।०४।१२ मा दर्ता भएको **राज देवि सेलर मिल (ऋणी)** प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: **केशव शाह** व्यक्तिगत जमानी दिने: **फूल कुमारी साहु तेली, गिता कुमारी साह, शुभम साह, संस्कार शाह र सत्यम शाह**	१. शिवलोचन साहु तेलीको नाती राधेश्याम साहु तेलीको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा.वडा नं. ९) बस्ने **केशव शाह**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. १४२६ को क्षेत्रफल ०-९-१७-१ र कित्ता नं. १२७२ को क्षेत्रफल ०-०-११-२ (विघा) को जग्गा समेत । २. हिमालयन बैंक लिमिटेड धनी **राज देवि सेलर मिल ऋणी** कायम भई दर्ता भएको को.२ च १६३६ को इन्जिन नं. SJJ4B21781 च्यासिस नं. MA1TA2SJXJ2B26128 को Mahindra Scorpio S7 2.2 2WD 2018. ३. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पत्तिहरु ।
२. वाणिज्य विभाग (जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय झापा) मा प्रा.फ.र.न.१४१/९१५/०६५-६६ कायम भइ मिति २०६५।०५।२६ मा दर्ता भएको **शुभम सत्यम गल्ला खरिद बिक्री (ऋणी)** प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: **केशव शाह** व्यक्तिगत जमानी दिने: **जय गोपाल साहु तेली, गिता कुमारी साह, राधेश्याम साहु तेली, केशव शाह, सकुन्तला देवी साहु तेली, फुल कुमारी साहु तेली, सत्यम शाह, सुभम शाह**	१. शिवलोचन साहु तेलीको नाती राधेश्याम साहु तेलीको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा.वडा नं. ९) बस्ने **केशव शाह**को नाममा दर्ता कायम रहेको: क) मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ख (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल ०-०-१-० (विघा) घर/जग्गा समेत । ख) मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-०-९-० (विघा) को घर/जग्गा समेत । ग) झापा जिल्ला दमक न.पा. वडा नं. १ स्थित कित्ता नं. २१७९८ र २१८०० को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-०.२५-० (विघा) को घर/जग्गा समेत । २. शिव लोचन साहु तेलीको बुहारी महावीर साहु तेलीको छोरी राधेश्याम साहु तेलीको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा.वडा नं. ९) बस्ने **सकुन्तला देवी साहु तेली**को नाममा दर्ता कायम रहेको: क) झापा जिल्ला दमक न.पा. वडा नं. १ख स्थित कित्ता नं. ७४४५ को क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा समेत । (ख) झापा जिल्ला दमक न.पा. वडा नं. १ख स्थित कित्ता नं. ४०१९ को क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा समेत । ३. सखीचन साहको नाती शिवलोचन साह तेलीको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) बस्ने **राधेश्याम साहु तेली**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला दमक न.पा. वडा नं. १ख स्थित कित्ता नं. १०५२८ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा समेत । ४. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पत्तिहरु ।
३. वाणिज्य कार्यालय विराटनगर मोरङ प्रा.फ.र.न. ११६-२६८३ कायम भई मिति २०६८।०६।०८ मा दर्ता भएको **जय गोपाल गल्ला खरिद बिक्री केन्द्र (ऋणी)** प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: **जय गोपाल साहु तेली** व्यक्तिगत जमानी दिने: **केशव शाह, फुल कुमारी साहु तेली, राधेश्याम साहु तेली, सकुन्तला देवी साहु तेली, गिता कुमारी साह, सत्यम शाह, शुभम साह र संस्कार शाह**	१. शिवलोचन साहु तेलीको नाती राधेश्याम साहु तेलीको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) बस्ने **जय गोपाल साहु तेली**को नाममा दर्ता कायम रहेको: (क) मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. १५४, १५५, ६७४ को क्षेत्रफल क्रमश: ०-०-७-०, ०-०-९-० र ०-०-८-० घर/जग्गा समेत। र ऐ.ऐ. स्थित कित्ता नं. ९०० र ९०७ को क्षेत्रफल क्रमश: ०-२-४-० र ०-६-१४-० को जग्गा समेत। (ख) मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ग (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. २६७, २६८, २६९, २७१, २७२ र २७३ को क्षेत्रफल क्रमश: ०-३-१८-०, ०-४-१२-०, ०-५-९-०, ०-११-२-०, ०-१०-८-० र ०-९-११-० (विघा) जग्गा समेत । (ग) मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ११६५ को क्षेत्रफल ०-५-८-१(विघा) को जग्गा समेत । ३. शिव लोचन साहु तेलीको बुहारी महावीर साहु तेलीको छोरी राधेश्याम साहु तेलीको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा.वडा नं. ९) बस्ने **सकुन्तला देवी साहु तेली**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ११७४, ११७९, ११८०, ११३० र ११८२ को क्षेत्रफल क्रमश: ०-४-७-०.७५, ०-०-१२-०, ०-१-१०-०, ०-०-९.७५-० र ०-५-०-०.५ (विघा) को जग्गा समेत। ४. सखिचन साहु तेलीको नाती शिव लोचन साहु तेलीको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) बस्ने **राधेश्याम साहु तेली**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. १ङ (हाल परिवर्तित मिक्लाजु गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ८९७ र ११३२ को क्षेत्रफल क्रमश: ०-२-४-० र ०-९-१४-० (विघा) जग्गा समेत । ५. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पत्तिहरु ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२,
मुद्रणः ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com